# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४९ | काठमाडौं | शनिबार, ०३ असोज २०८३ | Prabhab National Daily | Saturday, 19 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


# १३ देशका लागि राजदूत सिफारिस



तस्बिर सौजन्यः अनलाइनखबर

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले १३ वटा देशका राजदूत नियुक्तिका लागि सिफारिस गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले भारत, चीन, अमेरिकासहित १३ वटा देशका राजदूत सिफारिस गर्ने निर्णय गरेको हो ।

भारतका लागि डा.निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजंग थापा र संयुक्त अधिराज्य (युके)का लागि पूर्वप्रधानसेनापति गौरवशमशेर जंगबहादुर राणाको नाम सिफारिस गरिएको छ ।

यसैगरी जापानका लागि जिग्यानकुमार थापा, इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ती शेरचन, जर्मनीका लागि सरू जोशी, ओमानका लागि डा. पद्माक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्रा.डा. संगम श्रेष्ठ, श्रीलंकाका लागि डा. मञ्चला झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई सिफारिस गरिएको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

> “
> ⏭ भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजंग थापा र संयुक्त अधिराज्य (युके)का लागि पूर्वप्रधानसेनापति गौरवशमशेर जंगबहादुर राणाको नाम सिफारिस
>
> ⏭ सरकारले सिफारिस गरेका राजदूतहरूको नाम अब संसदीय सुनुवाइका लागि पठाइने

यसपटक राजदूत नियुक्तिमा विज्ञतालाई प्राथमिकता दिएको पाइएको छ । सरकारले सिफारिस गरेका राजदूतहरूको नाम अब संसदीय सुनुवाइका लागि पठाइने छ । संसदीय सुनुवाइबाट अनुमोदन भएपछि सरकारले सम्बन्धित मुलुकमा नाम पठाउने छ । त्यसरी पठाएको नाममा सम्बन्धित मुलुकबाट एग्रिमो आएपछि राष्ट्रपतिले राजदूत नियुक्त गर्ने छन् ।

## कसको पृष्ठभूमि के हो ?

भारतका लागि राजदूत सिफारिस डा. पाण्डे विदेश मामिला तथा परराष्ट्र नीतिका स्थापित अध्येता हुन् । उनी सेन्टर फर साउथ एसियन स्टडिजका निर्देशक र परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका पूर्वकार्यकारी निर्देशक हुन् । त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा विद्यावारिधि गरेका उनले उच्चस्तरीय परराष्ट्र नीति कार्यदलको सदस्यका रूपमा काम गर्नुका साथै विभिन्न अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूमा आबद्ध रही अध्ययन, अनुसन्धान र पुस्तक प्रकाशन गरेका छन् ।

चीनका लागि सिफारिस डा. शर्मा चीन अध्ययनकर्ता एवं पर्यटन व्यवसायी हुन् । अर्थशास्त्री डा. शर्मा दुई दशकभन्दा बढी समयदेखि नेपाल-चीन द्विपक्षीय तथा नीतिगत सम्बन्धका क्षेत्रमा सक्रिय छन् । चीनको फुदान विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका उनी काउन्सिल अफ साइनोलोजिस्ट्स-नेपालका अध्यक्ष हुन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# संविधानको ११ वर्षः उपलब्धिमाथि प्रहार दलबाटै

■ प्रभाव संवाददाता

**काठमाडौं–** ११ वर्षअघि आजकै दिन संविधानसभाबाट 'नेपालको संविधान, २०७२' जारी भएको थियो । यही दिनको सम्झनामा हरेक असोज ३ मा संविधान दिवस मनाइन्छ ।

लामो समयको मागपछि संघीय गणतन्त्रमा प्रवेश गरेको छोटो अवधिमै संविधान संशोधन राजनीतिक मुद्दा बनेको छ । यसअघि पनि नेकपा एमालेको नेतृत्वमा रहेको नेपाली कांग्रेससहितको शक्तिशाली सरकारले संविधान संशोधनलाई महत्त्व दिएको थियो ।

जेन-जी विद्रोहसँगै फागुन २१ गतेको निर्वाचनपछि गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीको शक्तिशाली सरकारले संविधान संशोधन कार्यदल नै गठन गरेको छ । यो कार्यदलले संविधानका करिब साढे २०० धारामा संशोधन गर्नुपर्ने सुझाव दिएको छ । ३०८ धारा रहेको संविधानमा असिम शाह नेतृत्वको 'संविधान संशोधन बहसपत्र तयार पार्ने कार्यदल'ले २४५ वटा धारामा संशोधन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाएको छ ।

असिम नेतृत्वको कार्यदलको प्रतिवेदनले शासकीय स्वरूपदेखि निर्वाचन प्रणाली, न्यायपालिका, संघीयता, प्रदेश, स्थानीय तह, संवैधानिक निकाय, मौलिक अधिकार र राज्यका नीतिसम्मका विषयमा संशोधन गर्नुपर्ने औंल्याएको छ । प्रतिवेदनमा संघीयता नै खारेज गर्नेसम्मका प्रस्ताव समेटिएका छन् । प्रत्यक्ष निर्वाचित कार्यकारीदेखि संसद् र निर्वाचन प्रणालीको व्यापक पुनर्संरचनासम्मका प्रस्ताव छन् । तर यस्ता प्रस्तावहरू औपचारिक राजनीतिक बहसका लागि सरकारले बाहिर ल्याएकोचाहिँ छैन ।

दलकै कारण अहिले संविधानमाथि प्रश्न उठेको संघीयताविद् डा. खिमलाल


सन्दर्भः संविधान दिवस

देवकोटा बताउँछन् । 'संविधान राम्रो छ अहिलेको अवस्थामा । अहिले संविधानमाथि प्रहार भएको छ । किनकि संविधानले विकेन्द्रीकरणको व्यवस्था गरेको छ । तर राजनीतिक दल भने केन्द्रीकृत हुँदै गएको छ । विधिको शासनमा कमजोर बन्दै जाँदा प्रश्न उठ्दै गयो,' देवकोटाले भने । पार्टीमा अझ एकै व्यक्तिमा केन्द्रीकृत भएकोले अझ जनआक्रोश बढेको उनले बताए ।

'राज्य संघात्मक भयो । तर पार्टी व्यक्तिमै केन्द्रित भयो । एमालेमा केपी ओली । कांग्रेसमा शेरबहादुर देउवा । नेकपामा प्रचण्ड । यो समस्या नयाँ पार्टीमा पनि सरेको छ है,' देवकोटाले भने ।

संविधान संशोधनका लागि दुईतिहाइ बहुमत चाहिन्छ । यद्यपि दुवै सदनमा दुईतिहाइ बहुमत चाहिने भएकोले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पेलेरै अघि बढ्ने पक्षमा नरहेको प्रतिनिधिसभा सदस्य तथा संविधान संशोधन कार्यदलका सदस्य मोहनलाल आचार्य बताउँछन् । 'सबै राजनीतिक दलबीच सहमति गरेर अघि बढ्ने पक्षमा रास्वपा छ । जानीजानी असहयोग गर्ने अवस्था आएमात्रै दुवै सदनको मत जोडेर दुईतिहाइ पुऱ्याउने विकल्पबारे सोच्न सकिन्छ,' सांसद आचार्यले भने ।

नेपालको पछिल्लो संविधानको मूल विशेषता हो- गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, सुधारिएको संसदीय व्यवस्था र समानुपातिक समावेशिता ।

⏭ क्रमशः पृष्ठ २ मा



संविधान राम्रो छ अहिलेको अवस्थामा । संविधानले विकेन्द्रीकरणको व्यवस्था गरेको छ । तर राजनीतिक दल भने केन्द्रीकृत हुँदै जाँदा विधिको शासनमा कमजोर बन्दै जाँदा संविधानमाथि प्रश्न उठेको हो । पुराना दलमामात्र हैन- नयाँ दलमा पनि यो समस्या देखिएको छ

■ **डा. खिमलाल देवकोटा**
संविधानविद्



सबै राजनीतिक दलबीच सहमति गरेर अघि बढ्ने पक्षमा रास्वपा छ । जानीजानी असहयोग गर्ने अवस्था आएमात्रै दुवै सदनको मत जोडेर दुईतिहाइ पुऱ्याउने विकल्पबारे सोच्न सकिन्छ ।

■ **मोहनलाल आचार्य**
कानुनविद्



संविधान संशोधनको उद्देश्य विगतका उपलब्धिहरूबाट पछाडि फर्केर होइन, अझ परिपक्व र सबल लोकतान्त्रिक व्यवस्थातर्फ अगाडि बढ्ने हुनुपर्दछ भन्ने मलाई लाग्छ ।

■ **नारायणप्रसाद दाहाल**
अध्यक्ष, राष्ट्रिय सभा

**सन्दर्भः वैदेशिक रोजगार**

# भदौमा १० हजारले घट्यो वैदेशिक रोजगारीमा जानेको संख्या

## साउनमा ७० हजार ४४१ जना रोजगारीमा जाँदा भदौमा ६० हजार ४२ जनामा सीमित

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनामा एक लाख ३० हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउन र भदौमा एक लाख ३० हजार ४८३ जना श्रम स्वीकृति लिएर विभिन्न मुलुकमा गएका हुन् । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो ।

विभागका अनुसार गत साउन महिनाको तुलनामा भदौमा रोजगारीमा जानेको संख्यामा भने केही कमी आएको छ । साउनमा ७० हजार ४४१ जना रोजगारीमा जाँदा भदौमा ६० हजार ४२ जना मात्र गएका छन् । नेपालीहरूको प्रमुख रोजगार गन्तव्य मलेसियामा सीमित व्यवसायीलाई मात्र श्रमिक पठाउन दिने गरी ल्याउन खोजिएको व्यवस्था र साउदीमा अदक्ष श्रमिकका लागि अनिवार्य गरिएको सीप प्रमाणीकरणका कारण विदेसिनेको संख्यामा कमी




आएको अनुमान गरिएको छ । भदौमा विदेसिनेमा ५१ हजार ८४३ पुरुष र आठ हजार १९९ जना महिला छन् ।

भदौ महिनामा ३५ हजार ६२७ जना युवा पहिलोपटक रोजगारीमा गएका छन् । जसमा २९ हजार ९८४ जना पुरुष र पाँच हजार ६४३ जना महिला छन् । त्यस्तै, म्यानपावर कम्पनीमार्फत २५ हजार ४१५ जना गएको तथ्यांक छ । यसरी गएकाहरूमा २२ हजार २२८ जना पुरुष र तीन हजार १८७ जना महिला छन् ।

विदेसिनेमध्ये नौ हजार २२४ जना व्यक्तिगत श्रम स्वीकृतिमा गएको विभागले जनाएको छ । व्यक्तिगतरूपमा जानेहरूमा छ हजार ९०६ जना पुरुष र दुई हजार ३१८ जना महिला छन् । गत भदौमा ८६६ जना जिटुजीमार्फत इजरायल र दक्षिण कोरिया गएका छन् । ७८९ जना कोरिया जाँदा ७७ जना इजरायल गएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## साउनमा भित्रियो दुई खर्ब १५ अर्बभन्दा बढी रेमिट्यान्स

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा दुई खर्ब १५ अर्ब पाँच करोड रूपैयाँ रेमिटचान्स भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबार मुलुकको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै गत साउन महिनामा विप्रेषण आप्रवाह (रेमिटचान्स) २१.२ प्रतिशतले बढेको जानकारी दिएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.२ प्रतिशतले बढेर एक अर्ब ४० करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २५ प्रतिशतले बढेको थियो ।

यसैगरी खुद द्वितीय आय (खुद ट्रान्सफर) दुई खर्ब २९ अर्ब ९८ करोड रूपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय एक खर्ब ९३ अर्ब ८५ करोड रूपैयाँ रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४२ हजार ६९३ र पुनः श्रम स्वीकृति लिनेको संख्या २७ हजार ७४८ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ४४ हजार ४६६ र २३ हजार ६४४ रहेको थियो ।


शान्तिपूर्ण समाज निर्माण गरौं

* शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
* मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
* जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
* बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
* हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
* सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
* परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पृष्ठ १ बाट क्रमशः

## संविधानको ११...

नयाँ सरकार आएसँगै यही विषयमाथि नै प्रश्न उठ्न थालेको छ । 'रास्वपाले वाचापत्रमै संविधान संशोधनको विषय राखेको छ । शासकीयस्वरूपमा समस्या देखिएको छ । हामीले स्थिर सरकार दिन नसक्दा विकासमा अवरोध देखियो । निर्वाचन प्रणालीमा पनि समस्या देखिएको छ । समानुपातिक निर्वाचन प्रणालीमा । खर्चिलो पनि भयो । संघीय प्रणाली डमरुजस्तो बनायौं,' आचार्यले भने । संविधानमा भद्रगोल अवस्था देखिएकोले र तालमेल नमिलेको देखिएकोले बहसमा ल्याएको उनको भनाइ छ ।

सात दशक लामो राजनीतिक संघर्ष, जनआन्दोलन, सशस्त्र संघर्ष, मधेस आन्दोलन, पहिचान र समावेशिताका आन्दोलनबाट संविधान बने पनि यसलाई परिमार्जन गर्दै लैजानुपर्ने बताउँछन् राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल । यद्यपि विगतका उपलब्धिबाट भने पछि हट्न नहुने दाहालको भनाइ छ । 'संविधान संशोधनको उद्देश्य विगतका उपलब्धिहरूबाट पछाडि फर्कने होइन, अझ परिपक्व र सबल लोकतान्त्रिक व्यवस्थातर्फ अगाडि बढ्ने हुनुपर्दछ भन्ने मलाई लाग्छ,' अध्यक्ष दाहालले भने ।

संविधान कार्यान्वयनको दोस्रो दशकमा प्रवेश गर्दाको चुनौती नै संविधानबमोजिम बन्न बाँकी कानुनहरूको निर्माण र विद्यमान कानुनहरूको संविधान अनुकूल परिमार्जन पर्ने भएको उनको भनाइ छ । 'संघीयता यो संविधानको महत्त्वपूर्ण विशेषता हो तर संविधानमा लेखेरमात्र संघीयता कार्यान्वयन हुँदैन,' दाहालले भने । जेन-जी आन्दोलनपछिको राजनीतिक संक्रमण पार लगाउन संसद् विघटन भयो । फागुन २१ को चुनावपछि पुन संविधान लिकमा त आएको छ । तर अब कसरी जान्छ भन्ने विषयमा प्रश्न उठेको छ ।

संविधानले मार्गनिर्देश गरेअनुसार संघीयताको मर्मअनुरूपे कतिपय कानुन नबन्दा अझै खतरा बढेको छ । कानुनमन्त्री सोबिता गौतमले जेन-जी दिवसका दिने राष्ट्रिय सभा र राष्ट्रपतिको अवरोधका कारण पनि कानुन बन्न नसकेको बताएकी थिइन् । यद्यपि उनको भनाइलाई राष्ट्रिय सभाकी सांसद रेनु चन्दले आपत्ति जनाउँदै कुनै कानुन नरोकेको बताइएकी थिइन् । संविधान जारी भएपछि पनि झण्डै एक दशक राजनीतिक अस्थिरता, दलभित्रको गुटबन्दी र शक्ति संघर्ष आदिका कानुन बन्न सकेन ।

### एमालेले रचनात्मक तवरले मनाउँदै, कांग्रेसका अधिवेशन

नेकपा एमालेले संविधान दिवस विभिन्न रचनात्मक कार्यक्रमसहित मनाउन मातहतका सबै कमिटीलाई निर्देशन दिएको छ । एमाले महासचिव शंकर पोखरेलले बिहीबार प्रदेश, जिल्ला तथा पालिका कमिटीलाई पत्राचार गर्दै विगतका वर्षमाझैं यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गर्न निर्देशन दिएका हुन् ।

महासचिव पोखरेलले संविधान रक्षाको सन्देश प्रवाह हुनेगरी आ-आफ्नो क्षेत्र र स्तरमा प्रभातफेरी, दीपप्रज्वलन, विचार गोष्ठी, सरसफाइलगायत रचनात्मक कार्यक्रम आयोजना गर्न पत्राचार गरेका छन् । 'आ-आफ्नो क्षेत्र र स्तरमा संविधानको रक्षाको सन्देशसहित प्रभातफेरी, दीप प्रज्वलन, विचार गोष्ठी, सरसफाइ तथा अन्य रचनात्मक कार्यक्रमहरूको आयोजना गरी संविधान दिवसलाई सफल बनाउनुहुन अनुरोध छ,' महासचिव पोखरेलले जारी गरेको पत्रमा भनिएको छ । यता नेपाली कांग्रेसले भने संविधान दिवसकै अवसर पारेर वडा अधिवेशन सुरु गर्दै छ । विवादकाबीच कांग्रेसले वडा अधिवेशन गर्न लागेको हो । पूर्वसभापति शेरबहादुर देउवा समूहले यो अधिवेशन बहिस्कार गर्न भनेका बेला संस्थापनले भने भ्रामक कुरामा नलागी अधिवेशनमा सहभागी हुन भनेको छ ।

'कुनै पनि अफवाह र भ्रामक कुरामा नलागि असोज ३ र ४ गते हुने वडा अधिवेशन प्रक्रियामा उत्साहप्रदरूपमा सहभागी भई निर्वाचन प्रक्रियामा भाग लिन सम्पूर्ण क्रियाशील सदस्य तथा पार्टीका सबै तह र निकायलाई नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समिति पुनः हार्दिक अनुरोध गर्दछ,' केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले भने ।

■■■

## १३ देशका...

अमेरिकाका लागि राजदूत सिफारिस थापा राष्ट्रिय सुरक्षा, संकट व्यवस्थापन तथा अन्तर्राष्ट्रिय मामिलामा दुई दशकको अनुभवी हुन् । उनी अक्सफाममा एसियाका लागि क्षेत्रीय सुरक्षा सल्लाहकारका रूपमा कार्यरत छन् । कोलम्बिया विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय मामिलामा स्नातकोत्तर गरेका उनले नेपालको रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद् तथा नेपाली सेनालाई परामर्श दिनुका साथै सेनाका लागि पहिलो नागरिक-सैन्य सम्बन्धको पाठ्यक्रमसमेत तयार पारेका थिए ।

युकेका लागि राजदूत सिफारिस जबरा नेपाली सेनामा चार दशकभन्दा बढी सेवा गरेका अवकाशप्राप्त प्रधानसेनापति हुन् । जबरा राष्ट्रिय सुरक्षा तथा रणनीतिक मामिलाका अनुभवी सैन्य नेता हुन् । क्वैद-ए-आजम विश्वविद्यालयबाट रक्षा अध्ययनमा एमएस्सी गरेका उनले पूर्वमाओवादी लडाकु समायोजन प्रक्रिया, २०७२ को भूकम्पपछिको 'अपरेसन संकट मोचन' र लेबनानमा संयुक्त राष्ट्रसंघीय शान्ति मिसनको सफल नेतृत्व गरेका थिए ।

जापानका लागि सिफारिस थापा दुई दशकभन्दा बढी समयदेखि नेपाल-जापान सम्बन्ध विस्तारमा सक्रिय रहँदै आएका छन् । उनी अन्तर्राष्ट्रिय सहकार्य, सार्वजनिक नीति तथा बहुसांस्कृतिक मामिलाका विशेषज्ञ हुन् । योकोहामा नेसनल युनिभर्सिटीबाट स्नातकोत्तर गरेका उनले उच्चस्तरीय द्विपक्षीय भ्रमण सहजीकरणका साथै विभिन्न जापानी विश्वविद्यालयहरूमा अध्यापन र कूटनीतिक/सामाजिक संघसंस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् ।

इजरायलका लागि राजदूत सिफारिस कर्ण सूचना प्रविधि, बैंकिङ र आर्थिक नीतिको क्षेत्रमा तीन दशकभन्दा बढीको कार्यकारी अनुभव बोकेका व्यक्ति हुन् । उनी नेपालको पहिलो मोबाइल वालेट 'कुमारी मोबाइल क्यास'का अवधारणाकार हुन् । बेइजिङ नर्मल युनिभर्सिटीबाट एमबिए गरेका उनी क्यान महासंघका पूर्वअध्यक्ष, प्रविधि उद्यम कुमो ल्याब्सका अध्यक्ष तथा नेपाल प्रहरीका पूर्वइन्स्पेक्टर हुन् ।

स्पेनका लागि राजदूत सिफारिस शेरचन अन्तर्राष्ट्रिय विकास र लैंगिक साझेदारीको क्षेत्रमा १५ वर्षको अनुभवी हुन् । हाल विश्व बैंक समूहअन्तर्गतको आइएफसीमा अपरेसन्स अफिसरका रूपमा भारत र एसियाली क्षेत्रको लैंगिक कार्यक्रमको नेतृत्व गरिरहेकी छन् ।

जर्मनीका लागि सिफारिस जोशीले नेपालको वैदेशिक रोजगार ऐन तथा नीति निर्माणमा महत्त्वपूर्ण योगदान दिएकी छन् । जोशी श्रम आप्रवासन र लैंगिक समानताको क्षेत्रमा २५ वर्षभन्दा बढी अनुभव भएकी वरिष्ठ नीतिविज्ञ हुन् । ओमानका लागि सिफारिस डा. राणाले क्याम्ब्रिज विश्वविद्यालयबाट विद्यावारिधि गरेकी छन् । दिगो विकास, समावेशी नवप्रवर्तन र उद्यमशीलताको क्षेत्रमा १५ वर्षभन्दा बढी अनुभव भएकी विशेषज्ञ हुन् ।

मलेसियाका लागि राजदूत सिफारिस भएका खरेलले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी, राजनीतिशास्त्र र कानुनमा उच्च शिक्षा हासिल गरेका छन् । उनी शिक्षा, कानुन तथा खेलकुद प्रशासनको क्षेत्रमा लामो अनुभव भएका व्यक्ति हुन् । दक्षिण कोरियाका लागि सिफरिस प्रा. डा. श्रेष्ठ जल सुरक्षा कूटनीति र जलवायु उत्थानशीलतामा २५ वर्षभन्दा बढी अनुभवी हुन् । उनी थाइल्याण्डस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआइटी) का प्राध्यापक तथा विश्वका शीर्ष २५ वैज्ञानिकको सूचीमा पर्ने प्राज्ञ हुन् ।

श्रीलंकाका लागि राजदूत सिफारिस डा. झा सुशासन, सार्वजनिक नीति र परराष्ट्र मामलाकी विशेषज्ञ हुन् । उनी सत्य निरूपण तथा मेलमिलाप आयोगकी पूर्वआयुक्त र त्रिभुवन विश्वविद्यालयकी सहायक प्राध्यापक हुन् ।

साउदी अरब अरेबियाका लागि राजदूत सिफारिस सुनार अन्तर्राष्ट्रिय विकास, सामाजिक सुरक्षा र जलवायु अनुकूलनका क्षेत्रमा २५ वर्षभन्दा बढीको अनुभव बोकेका व्यक्ति हुन् । त्रिभुवन विश्वविद्यालयबाट एमफिल गरी विद्यावारिधि गरिरहेका उनले विश्व बैंक र एडिबीका पूर्वाधार तथा जल क्षेत्रका ठूला परियोजनाहरूमा सामाजिक समावेशीकरण र गुनासो व्यवस्थापन विशेषज्ञका रूपमा काम गरेका छन् ।

■■■

## भदौमा १०...

साथै, वैधानिकिकरण श्रम स्वीकृति लिएर ९२ जना गएको तथ्यांक छ । गएको महिना श्रमिकहरू रोजगारीको खोजीमा ९८ वटा मुलुक पुगेका छन् । जसमध्ये पहिलो रोजाइको गन्तव्य बनेको संयुक्त अरब इमिरेट्स (युएई)मा १८ हजार ४७७ जना गएका छन् । युएईपछि कतारमा १० हजार ४७१, मलेसियामा आठ हजार ९१, साउदी अरबमा छ हजार ७८७ र कुवेतमा तीन हजार ८९८ जना गएका छन् ।

सबैभन्दा धेरै महिला श्रमिक भने युएईमा दुई हजार ९३५, कुवेतमा एक हजार १९५, कतारमा ९६२, साइप्रसमा ५९३ र जापानमा ४३३ जना गएका छन् । गत महिना १४ वटा मुलुकमा एक जना पुरुष र नौ वटा मुलुकमा एक जनामात्र महिला श्रमिक गएका छन् । जिल्लागत तथ्यांक हेर्दा सबैभन्दा बढी युवा धनुषाबाट परदेसिएका छन् । भदौमा तीन हजार १६ जनाले रोजगारीको खोजीमा उक्त जिल्ला छाडेका छन् । त्यस्तै, झापाबाट दुई हजार ७१६, मोरङबाट दुई हजार ६९०, सिरहाबाट दुई हजार ३४९ र महोत्तरीबाट दुई हजार २८१ जना गएका छन् । सबैभन्दा कम भने मनाङबाट १३ जना जाँदा मुस्ताङबाट २३ जना गएका छन् ।

गएको महिना ३४ हजार १६७ जना श्रमिक सीपयुक्त भएर रोजगारीमा जाँदा १६ हजार ५८ जना कुनै सीपविना गएको पाइएको छ । त्यस्तै, नौ हजार ४६६ जना अर्धदक्ष श्रमिक गएका छन् । सो अवधिमा ८० जना उच्च दक्ष र २७१ जना व्यावसायिक श्रमिक रोजगारीका लागि गएको विभागको तथ्यांक छ ।

# पाल्पा कारागारका कैदीबन्दीले गरे बाढीपीडितलाई सहयोग

**पाल्पा–** पाल्पा कारागारमा रहेका कैदीबन्दीहरूले भोटेकोशी बाढीपीडितका लागि ८३ हजार रूपैयाँ सहयोग उपलब्ध गराएका छन् । कारागारमा रहेका कैदीबन्दीले आफ्नो क्षमताअनुसार रकम संकलन गरी बाढीपीडितको राहत तथा उद्धारका लागि सहयोग गरेका हुन् ।

हाल पाल्पा कारागारमा २२४ पुरुष र १३ महिला गरी २३७ कैदीबन्दी छन् । संकलित रकम राष्ट्रिय वाणिज्य बैंकमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गरिएको कारागारका प्रशासक भगवानभक्त अर्यालले जानकारी दिए । कैदीबन्दीले कारागारभित्र उद्यमशीलताका काम गर्दै आएको र त्यहीबाट आर्जन गरेको केही रकमबाट बाढीपीडितलाई सहयोग गरेका उनले बताए ।

'हामी जहाँ भए पनि समाजकै सदस्य हौं' भन्ने भावनाका साथ कैदीबन्दीले रकम संकलन गरेका अर्यालले बताए । 'उनीहरूको सहयोगको आकार ठूलो नहुन सक्छ, तर विपद्का बेला पीडितप्रति देखाएको मानवीय समवेदना भने अर्थपूर्ण छ,' उनले भने । कारागारभित्र कैदीबन्दीले मुढा बनाउने, सिलाइबुनाइ, डोको नाम्लो बनाउने, बात्ती बनाउनेलगायत सीपमूलक काम गर्दै आएका छन् ।

त्यस्तै, तनहुँका नेपाल मगर संघ भिमाद र ढोर फिरफिरे तमु समाजले बाढीपीडितको राहत तथा पुनःस्थापनाका लागि आर्थिक सहयोग गरेका हुन् । नेपाल मगर संघ भिमादले एक लाख ९५ हजार रूपैयाँ सहयोग गरेको छ । संघका अध्यक्ष ज्ञानबहादुर थापाले समितिका सदस्यबाट रकम संकलन गरी बाढीप्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको जानकारी दिए ।

त्यसैगरी ढोर फिरफिरे तमु समाजले एक लाख ५६ हजार रूपैयाँ सहयोग गरेको छ । समाजका अध्यक्ष नन्दलाल गुरुङका अनुसार समाजका सदस्यबाट स्वेच्छिकरूपमा रकम संकलन गरिएको थियो । *रासस*


### प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०१/२३ गते ललितपुर जिल्ला, भैसिपाटी आफ्नै घरबाट मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको स्नातक तहको (डिग्री सर्टिफिकेट) प्रमाणपत्र हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम :** रिबुसा शाहि
**रजिष्ट्रेसन नम्बर :** ६-२-२३४७-७३-२०१८
**सिम्बोल नं.:** ११८८२९/६१
**ठेगाना :** सिभिल होम्स
**Phase no-1, House no-20**
**सम्पर्क:** ९८६४३३३३०३



### युएइमा रोजगार — कम्पनी : ALLWIN BUILDING MAINT AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 347516 | चलानी नं. ६०२६०८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 10 | 0 | 1000 | ४१,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stone Mason | 8 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 3. | Tile Layer | 10 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 4. | Still Fixture | 8 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 5. | Carpenter | 14 | 0 | 1500 | ६२,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.** (Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np



### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०८१।०९।१४ मा दर्ता भएको प्रा.लि.नं. ३५८२०७ को **रङ्ग ईन्टिरियर एण्ड डिजाइन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/०३ गते**

यस कम्पनीको मिति २०८३/०५/२० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **वर्दान आई.भि.अफ.दाङ प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वरदान क्लिनिक दाङ प्रा.लि. (प्रा.लि.नं. ३९०४४२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



### युएइमा रोजगार — कम्पनी : BURJ ALESHRAQ TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०६/०१ | LT. No. 348092 | चलानी नं. ६०२६१३१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 1 | 0 | 1200 | ५०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bldg. Painter | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 3 | Buidling Worker | 2 | 0 | 1200 | ५०,१२० | | | | | | | |
| 4 | Building Cleaner | 1 | 0 | 1200 | ५०,१२० | | | | | | | |
| 5 | Building Electrician | 1 | 9 | 1500 | ६२,६५० | | | | | | | |
| 6 | Carpenter | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 7 | Construction Steel Fixer | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 8 | False Ceiling Installer | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 9 | Marble & Tile Fixers | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 10 | Plasterer | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 11 | Scaff Older | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 12 | Stone Mason | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 13 | Tile Polisher | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०६/०३**

यस कम्पनीको मिति २०८३/०५/२१ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **कालिकोट कन्स्ट्रक्सन कम्पनी एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२९ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **कालिकोट कन्स्ट्रक्सन एण्ड भीमसेन सेवा** (प्रा.लि.नं. २६८३९२) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।



### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालय
### कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०८२/१०/११ मा दर्ता भएको **पंडीत समीर डे स्टुडेन्ट प्राइभेट लिमिटेड (प्रा. लि. नं. ३८३६७३)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



### युएइमा रोजगार — कम्पनी : CENTAUR ELECTRO MECHANICAL CONTRACTING CO L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 320683 | चलानी नं. ६०२४०३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricians | 100 | 0 | 1500 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Dhanusha, Janakpur Sub-metropolitian City, Pit Training Center, Ramananda Chowk-08 Opposite of Ram Janaki Hall & Hotel Seven Star Banquet Bajrang Chowk Janakpur Dham-8(Near Janaki Temple) मा मिति २०८३ असोज १२ गते (28th Sep. 2026) मा हुनेछ ।
Kathmandu, KMC, Seagull International Global Hr Consultants Pvt.ltd, Head Office- Sukedhara-4 मा मिति २०८३ असोज १३ गते (29th Sep. 2026) मा हुनेछ ।

कम्पनी : DOUGLAS OHI - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 348159 | चलानी नं. ६०२६१३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Steel Fixer | 100 | 0 | 1500 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 100 | 0 | 1500 | ६२,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
LIC No. 407/060/61
Sukedhara-4, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



### ओमनमा रोजगार — कम्पनी : INTERNATIONAL SEA FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 348103 | चलानी नं. ६०२६१३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब OR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FISH FREEZE AND SAVING LABOUR | 0 | 20 | 160 | ६३,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० र ११ गते ( 26th & 27th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOUNT EVEREST INTERNATIONAL OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu N.P.- 3, Kathmandu, Bagmati, Nepal, Telephone No. 01 - 5906503



### पथिक प्राज्ञ निगम प्राइभेट लिमिटेडको वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०६/०३**

मिति २०८३/०५/२९ गते बसेको यस पथिक प्राज्ञ निगम प्रा.लि. को संचालक समितिको बैठकले निर्णय गरे अनुसार यस कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुंदा शेयरधनी महानुभावहरुको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**
**सभा हुने मितिः** २०८३ साल, आश्विन २४ गते, शनिबार
**सभा हुने समयः** दिउसो १:३० बजे
**सभा हुने स्थानः** वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर, का.म.न.पा. वडा नं ११, काठमाडौँ

**छलफलको विषयः**
१. कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८३/०८४ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा ।
४. विविध

**देव भक्त महर्जन**
**संचालक अध्यक्ष**



### कुवेतमा रोजगार — कम्पनी : Bask Cafe Company

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 348150 | चलानी नं. ६०२६१३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 3 | 0 | 150 | ७४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHY & FLOWERS LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 347641 | चलानी नं. ६०२६१३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/Hair Stylist | 0 | 7 | 150 | ७४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CAR DRIVER LIGHT | 1 | 0 | 150 | ७४,६३० | | | | | | | |
| 3 | Manicure & Pedicure Beautician | 0 | 7 | 150 | ७४,६३० | | | | | | | |
| 4 | MAKE UP ARTIST | 0 | 6 | 150 | ७४,६३० | | | | | | | |
| 5 | Cleaner I | 0 | 3 | 100 | ४९,४५३ | | | | | | | |

कम्पनी : The Nail Spot Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No.347968 | चलानी नं. ६०२६१३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 5 | 180 | ८९,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaners | 0 | 5 | 120 | ५९,७०४ | | | | | | | |
| 3 | MANICURE/PEDICURE | 0 | 5 | 150 | ७४,६३० | | | | | | | |

कम्पनी : SATOSHI HEALTH INSTITUTE & SALON FOR MEN CO.

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 348149 | चलानी नं. ६०२६१३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electricians | 2 | 0 | 170 | ८४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber | 2 | 0 | 170 | ८४,५८० | | | | | | | |
| 3 | CAR DRIVER LIGHT | 2 | 0 | 150 | ७४,६३० | | | | | | | |
| 4 | Spa Therapist | 16 | 0 | 170 | ८४,५८० | | | | | | | |
| 5 | Driver (Heavy & Light) | 5 | 0 | 170 | ८४,५८० | | | | | | | |
| 6 | Cleaner I | 6 | 10 | 110 | ५४,७२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



### युएइमा रोजगार — कम्पनी : ABBAS STEEL INDUSTRIES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 348165 | चलानी नं. ६०२६१३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant / Helper | 5 | 0 | 1000 | ४१,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stevedores | 1 | 0 | 1000 | ४१,७६५ | | | | | | | |
| 3 | Metal Electro Plating Worker | 1 | 0 | 1500 | ६२,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL WORLD OVERSEAS PVT.LTD**
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



### युएइमा रोजगार — कम्पनी : PETROVISION EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०२ | LT. No. 329797 | चलानी नं. ६०२४३६३० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 19 | 0 | 1500 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 23 | 0 | 1000 | ४१,७६५ | | | | | | | |
| 3 | Plumber | 25 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 4 | Scafolder | 20 | 0 | 1500 | ६२,६५० | | | | | | | |
| 5 | Tile Fixer Marble Fixer | 22 | 0 | 1500 | ६२,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १० गते (26th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



### नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ (FEONA) को साधारणसभाको मिति परिवर्तन सम्बन्धी अत्यन्त जरुरी सूचना

यस नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ (FEONA)लाई जिल्ला प्रशासन कार्यालय काठमाडौंको निर्देशन बमोजिम गठित तदर्थ समितिको २०८३/४/२२ को निर्णय बमोजिम २०८३/०६/०३ मा तोकिएको निर्वाचन सहितको १०औं साधारणसभाका लागि अनुमती प्राप्त संस्थाहरूलाई निःशुल्क सदस्यता तथा सस्था नविकरण गर्ने निर्णय गरिएकोमा २०७८/०८/२० गतेको संशोधित बिधानको दफा १० को (ख) ले सदस्यता तथा नविकरण निशुल्क गर्न नपाउने व्यवस्थाका कारण विधानको दफा १०(ख) बमोजिम सबै सस्थाहरूले सदस्यता तथा सस्था नविकरण गरी सोहि अनुसार देहाय बमोजिमको मिति, स्थान र समयमा हुने साधारणसभामा भाग लिन हुन समितिको २०८३/०६/०१ को निर्णय बमोजिम सबै वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायीज्यूहरूमा यसै सूचनाद्वारा सुचित गराइन्छ ।

**नोट : रसिद/भौचर तदर्थ समितिका संयोजकबाट हस्ताक्षरित र प्रमाणित भएको मात्र मान्य हुनेछ ।**

तपशिल, परिवर्तित मिति : २०८३ साल कार्तिक १४ गते शनिबार
स्थान : स्मार्ट क्याफे एण्ड ब्यांकेट, धुम्बाराहीचौक, रिङ्गरोड, काठमाडौं
समय : बिहान ०८:०० बजे

**टुनुकाजी पौडेल**
**संयोजक**
**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ (FEONA)**
**तदर्थ समिति ९८५१०४१८१९**

# बढ्दो तापक्रमसँगै हिमालय देशहरूमा भौगर्भिक विपद्को जोखिम

वैज्ञानिकहरूले हिमनदी तथा उच्च हिमाली पर्माफ्रोस्ट तापक्रम वृद्धिप्रति दशकौंसम्म प्रतिक्रिया जनाउने भएकाले विगतमा भइसकेको तापक्रम वृद्धिले भविष्यमा समेत पहाडी संरचनालाई अस्थिर बनाउने प्रक्रिया अघि बढाइसकेको चेतावनी दिएका छन् । भविष्यमा यस्ता घटना रोक्न उच्च हिमालयको निरन्तर वैज्ञानिक निगरानी, हिमनदी तथा पर्माफ्रोस्टको अध्ययन, पूर्वसूचना प्रणालीको सुदृढीकरण र सीमापार तथ्यांक आदानप्रदानसँगै जीवाश्म इन्धनको प्रयोग घटाउने विश्वव्यापी प्रयासलाई तीव्र बनाउनुपर्ने अध्ययनको निष्कर्ष छ ।

■ **प्रगति ढकाल**/काठमाडौं

हिमालय क्षेत्रमा तीव्र गतिमा बढिरहेको तापक्रमले नेपालजस्ता विकासोन्मुख तथा जलवायु जोखिममा रहेका मुलुकको अनुकूलन क्षमतामाथि चुनौती थपिँदै गएको छ । हिमनदी पग्लिने, सधैंभरी हिउँले ढाकेको क्षेत्रमा कला पहाडमा परिणत हुने र भौगर्भिक विपद्को जोखिम बढ्दै जाने क्रमले तीव्रता पाएको वैज्ञानिक अध्ययनले देखाएको छ ।

वर्ल्ड वेदर एट्रिब्युसन (डब्ल्युडब्ल्युए) का वैज्ञानिक तथा अन्तर्राष्ट्रिय हिमनदीविज्ञको वैज्ञानिक विश्लेषणले मानव सिर्जित तापक्रम वृद्धिले उच्च हिमालयको वातावरणमा दीर्घकालीन परिवर्तन ल्याउँदा हिमनदी पातलिने, 'पर्माफ्रोस्ट' पग्लिने र पहाडी चट्टान कमजोर हुने अवस्था सिर्जना भएको जनाएको छ ।

नेपाल-चीन सीमा क्षेत्रमा गत भदौ १० गते गएको चट्टान-हिमपहिरो तथा बाढीमा भूगर्भीय कारणसँगै दशकौंदेखिको जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा पारेको प्रभावले जोखिम बढाएको वैज्ञानिकको निष्कर्ष छ ।

'भदौ १० मा लाङटाङ लिरुङ हिमालबाट ठूलो परिमाणमा चट्टान र हिमनदी खसेपछि त्यसले पानी, हिउ र गेग्रानसहितको विनाशकारी बाढीको रूप लिएको हो,' अध्ययानमा भनिएको छ । वैज्ञानिकहरूले यसलाई कुनै एउटा चरम मौसमी घटनाको परिणाममात्र नभई विभिन्न जलवायु तथा भूगर्भीय कारणबाट एकैपटक जोडिएर भएको बहुआयामिक विपद् भनेका छन् ।




*Figure 2.1: Climate-sensitive and other key preconditioning processes potentially contributing to failure. Conceptual representation of the main mechanisms through which climate variability and climate change may have influenced the stability of the Rasuwa rock wall in addition to earthquake preconditioning.*

### च ान-हिमको ठूलो क्षति

प्रारम्भिकरूपमा उक्त घटना भूकम्पका कारण भएको हुनसक्ने अनुमान गरिए पनि पछिल्ला वैज्ञानिक प्रमाणले करिब दुई वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको चट्टानी भित्तो र हिमनदीको ठूलो भाग एकैपटक खसेपछि विपद् सुरु भएको देखाएको छ ।

'करिब पाँच हजार १५० मिटरको उचाइबाट झरेको चट्टानसहितको हिउँको ढिक्को करिब तीन हजार ७५० मिटर उचाइको उपत्यकामा आइपुगेको थियो, ठूलो परिमाणको चट्टान र हिम खस्दा उत्पन्न ऊर्जाले भूकम्पजस्तै भूकम्पीय तरंग सिर्जना गरेको र वैज्ञानिक विश्लेषणअनुसार उक्त ऊर्जा करिब ५.५ म्याग्निच्युडको भूकम्प बराबर थियो,' अध्ययानमा भनिएको छ ।

पहाडबाट खसेको चट्टान, हिम र भग्नावशेष तीव्र गतिमा तल झर्दा घर्षण तथा यान्त्रिक ऊर्जाका कारण हिउ पग्लिएको र थप पानी उत्पन्न भएको हुनसक्ने अध्ययनले जनाएको छ ।

त्यस्तै त्यस क्षेत्रका स-सना खाल्टोमा जमेको हिम तथा हिमनदीमुनिको पानी र पर्माफ्रोस्ट क्षेत्रमा रहेको पानीसमेत मिसिँदा ठूलो परिमाणमा पानी, हिम, चट्टान र गेग्रानको मिश्रण बनेको अध्ययन रिपोर्टमा उल्लेख छ । उक्त मिश्रणले विनाशकारी गेग्रानयुक्त बाढीको रूप लिएको हो ।

### सात मिनेटमै रसुवागढी

अध्ययनअनुसार चट्टानसहितको हिउको भेल उद्गमस्थलदेखि रसुवागढी नाकाबाट २२ किलोमिटर तलको क्षेत्रमा करिब सात मिनेटमै पुगेको थियो । यसको औसत गति प्रतिघण्टा १८८ किलोमिटर रहेको अनुमान गरिएको छ । अत्यन्त तीव्र गतिको बाढीले रसुवागढी सीमा क्षेत्र, टिमुरे बजार तथा स्याफ्रुबेंसी आसपासका संरचनामा ठूलो क्षति पुऱ्याएको थियो । बाढीबाट त्यस क्षेत्रमा रहेका स्थानीय, तीर्थयात्री, सीमा सुरक्षाकर्मी तथा जलविद्युत् आयोजनामा कार्यरतकर्मचारीको ठूलो क्षति भएको छ ।

बाढीले टिम्मुरे तथा वेत्रावतीजस्ता बजारमा अपुरणीय क्षति पुऱ्याउनका साथै त्यस क्षेत्रको पहिचानसमेत बोकेका ठूला ढुंगा र महत्त्वपूर्ण सम्पदा भवनसमेत नदीले बगाएको अध्ययनमा उल्लेख छ ।

करिब सात घण्टाभन्दा कम समयमै बाढी २०० किलोमिटर तल देवघाट पुगेको र त्यहाँ नदीको बहाव दोब्बरभन्दा बढी भई प्रतिसेकेण्ड करिब पाँच हजार ८५० घनमिटर पुगेको वैज्ञानिकले निष्कर्ष निकालेका छन् । एक अध्ययनअनुसार करिब दुई करोड घनमिटर अतिरिक्त पानी चार घण्टाभन्दा कम समयमा बगेको अनुमान गरिएको छ ।

'बाढीले करिब तीन करोड पाँच लाख घनमिटर गेग्रान तथा भग्नावशेष थुपारेको थियो । त्यसबाट कृषि भूमि, बस्ती, सडक, पुल तथा जलविद्युत् आयोजनामा ठूलो क्षति पुगेको छ । ग्लाचीमासमेत त्रिशूली नदीको जलसतह ८.५ मिटर बढेको देखिन्छ,' अध्ययनले जनाएको छ ।

### शून्य डिग्रीको सिमाना प्रतिदशक १०० मिटर माथि

अध्ययनअनुसार जीवाश्म इन्धनको प्रयोगबाट उत्पन्न मानव सिर्जित तापक्रम वृद्धिले उच्च हिमालयमा शून्य डिग्री सेल्सियसको तापक्रम रहने सीमा अर्थात् 'जिरो डिग्री आइसोथर्म' प्रतिदशक करिब १०० मिटरको दरले माथि सार्दै लगेको छ ।

⏭ क्रमशः पृष्ठ ५ मा

# विद्यालयको पहुँचमै छैनन् २७ हजार बालबालिका

✍ **टिकाराम सुनार**/सुदूरपश्चिम

सुदूरपश्चिममा विद्यालय प्रवेश गर्ने बालबालिकाको संख्या धेरै भए पनि सबै विद्यार्थीको शैक्षिक यात्रा माथिल्लो कक्षासम्म पुग्न सकेको छैन । यहाँ अझै पाँचदेखि १२ वर्ष उमेर समूहका करिब २७ हजार बालबालिका अझै विद्यालयबाहिर छन् । यस्तै, विद्यालयमा रहेका विद्यार्थीको तहगत संख्या, विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने र माथिल्लो कक्षामा उक्लिने दरले पनि विद्यालयमा प्रवेश गरेपछि विद्यार्थीलाई निरन्तरता दिन चुनौती रहेको देखाएको छ ।

प्रदेशको सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा निर्देशनालयको तथ्यांकले कक्षा १-१२ मा अध्ययनरत विद्यार्थीको संख्या २०८० सालमा सात लाख ४४ हजार ६५१ रहेकामा २०८१ सालमा सात लाख २५ हजार ६२७ र २०८२ सालमा सात लाख चार हजार ६९२ मा झरेको देखाउँछन् । यसले दुई वर्षमा विद्यार्थी संख्या ३९ हजार ९५९ ले घटेको र माथिल्लो कक्षामा विद्यार्थीको निरन्तरताको चुनौती रहेको प्रस्ट पारेको छ । वि.सं. २०८२ मा कक्षा १-५ मा तीन लाख ३४ हजार ९७७ विद्यार्थी रहेकामा कक्षा ६-८ मा एक लाख ९५ हजार ७५२, कक्षा ९-१० मा एक लाख ९९२ र कक्षा ११-१२ मा ६४ हजार ७०० विद्यार्थी छन् । यसरी आधारभूत तहबाट माध्यमिक तहको माथिल्लो कक्षामा पुग्दा विद्यार्थीको संख्या उल्लेख्यरूपमा घट्दै गएको विवरणमा उल्लेख छ ।

कक्षा ९-१० मा पनि २०८० सालको एक लाख १४ हजार २७७ विद्यार्थीबाट २०८२ सालमा एक लाख ९९२ मा झरेको छ । कक्षा ११-१२ को विद्यार्थी संख्या भने सोही अवधिमा ७७ हजार ७७१ बाट घटेर ६४ हजार ७०० पुगेको छ । दुई वर्षमा कक्षा ११-१२ को विद्यार्थी संख्या १३ हजार ७१ अर्थात् करिब १७ प्रतिशतले घटेको हो । सामाजिक विकास मन्त्रालयका शिक्षा निर्देशक उपसचिव जयदेव महरा यी तथ्यांकले बालबालिकालाई विद्यालय भित्र्याउनेसँगै भर्ना भएका विद्यार्थीलाई टिकाउने, सिकाउने र माथिल्लो तहसम्म पुऱ्याउने चुनौती देखाएको बताउँछन् ।

जिल्लागतरूपमा सबैभन्दा बढी कैलालीमा नौ हजार नौ बालबालिका विद्यालय बाहिर छन् । यस्तै कञ्चनपुरमा चार हजार ९१०, अछाममा दुई हजार ४८२, डोटीमा दुई हजार २०९, बैतडीमा दुई हजार २०० र बझाङमा दुई हजार १३८ जना छन् । बाजुरामा एक हजार ५४५, दार्चुलामा एक हजार २७२ र डडेलधुरामा एक हजार २२० जना विद्यालय बाहिर छन् ।

### कक्षा बढ्दै जाँदा निरन्तरताको खाडल

प्रदेश शिक्षा निर्देशनालयका अनुसार सुदूरपश्चिममा कक्षा ५ सम्मको निरन्तरता दर ८५.५ प्रतिशत र कक्षा ८ सम्मको ७९.१ प्रतिशत छ । कक्षा ८ सम्मको यो दर राष्ट्रिय औसत ७९.८ प्रतिशतभन्दा केही कम हो । माथिल्लो तहमा पुग्दा खुद भर्नादरको अन्तर अझ फराकिलो बन्दै जाने गरेको विवरणमा उल्लेख छ । सन् २०२५/२६ को शैक्षिक सूचकअनुसार सुदूरपश्चिममा कक्षा ९-१० को खुद भर्नादर ६९.३ प्रतिशत र कक्षा ११-१२ को २९.३ प्रतिशत छ । राष्ट्रियस्तरमा यी दर क्रमशः ७३.६ र ३५.१ प्रतिशत छन् ।

जिल्लागतरूपमा कक्षा ११-१२ को खुद भर्नादरमा पनि ठूलो अन्तर छ । डोटीमा १३.७ प्रतिशत, डडेलधुरामा १६ प्रतिशत र दार्चुलामा २१.७ प्रतिशत हुँदा कैलालीमा ३४.३ र कञ्चनपुरमा ३२.९ प्रतिशत छ । शिक्षा निर्देशनालयका महानिर्देशक दुर्गादत्त विष्टले आधारभूत तहमा विद्यालयमा रहेका विद्यार्थीलाई माध्यमिक तहको माथिल्लो कक्षासम्म पुऱ्याउनु प्रदेशका लागि ठूलो चुनौतीका रूपमा देखिएकाले अब त्यहीअनुसार सम्बोधनको प्रयास आवश्यक रहेको बताए ।




### समस्या कक्षा १ बाटै सुरु हुन्छ

विद्यार्थीको निरन्तरतामा देखिएको समस्या माथिल्लो तहमामात्र नभई कक्षा एकबाटै सुरु हुने गरेको प्रदेशको पछिल्लो शैक्षिक तथ्यांकले देखाएको छ । त्यस आधारमा यहाँ कक्षा १ मै विद्यालय छाड्ने दर ११.७ प्रतिशत छ । कक्षा १-५ मा ८.५, कक्षा ६-८ मा ४.९ र कक्षा ९-१० मा ४.८ प्रतिशत विद्यार्थीले विद्यालय छाड्ने गरेका छन् । कक्षा १ को विद्यालय छाड्ने दर राष्ट्रिय औसत ९.१ प्रतिशतभन्दा २.६ प्रतिशत बिन्दुले बढी छ । कक्षा ६-८ मा भने प्रदेशको दर राष्ट्रिय औसत ५.४ प्रतिशतभन्दा कम छ । यसले प्रारम्भिक कक्षामै विद्यार्थीलाई विद्यालयमा टिकाइराख्ने विषयमा विशेष ध्यान आवश्यक रहेको देखाउँछ ।

विद्यालय छाड्नुका साथै एउटै कक्षा दोहोऱ्याउने दर पनि प्रारम्भिक तहमा उच्च छ । कक्षा १ मा १९.३ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका छन् । कक्षा १-५ मा ११.३, कक्षा ६-८ मा १२.५ र कक्षा ९-१० मा ४.२ प्रतिशत छ । कक्षा १ को कक्षा दोहोऱ्याउने दर राष्ट्रिय औसत १३ प्रतिशतभन्दा ६.३ प्रतिशत बिन्दुले बढी हो । कक्षा १-५ र ६-८ को दर पनि राष्ट्रिय औसतभन्दा बढी छ । प्रदेशमा कक्षा उक्लिने दरमा पनि समस्या देखिएको छ । कक्षा १ बाट दुईमा उक्लिने दर सुदूरपश्चिममा ६९.१ प्रतिशत छ भने राष्ट्रिय दर ७८ प्रतिशत छ । कक्षा १-५ मा प्रदेशको दर ८०.२ र राष्ट्रिय ८३ प्रतिशत तथा कक्षा ६-८ मा प्रदेशको ८२.६ र राष्ट्रिय ८७.४ प्रतिशत छ ।

⏭ क्रमशः पृष्ठ ५ मा

# विदुरको पहिलो प्राथमिकता ढुंगे–त्रिशूलीमा मोटरेबल पुल

**त्रिशूली (नुवाकोट)–** भोटेकोसी हुँदै त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित नुवाकोटको विदुर नगरपालिकाले ढुंगे-त्रिशूली बजार जोड्ने पुल निर्माणलाई पहिलो प्राथमिकतामा राखेको छ ।

गत भदौ १० गते आएको बाढीले त्रिशूली नदीमाथिका पुल बगाएपछि विदुर नगरपालिका-१ स्थित ढुंगे र त्रिशूली बजारसहित नदीपारिका भूगोलसँगको आवागमन सम्पर्क विच्छेद भएको थियो । पुल नहुँदा बाढीबाट प्रभावित क्षेत्रमा खोज तथा उद्धार, राहत वितरण, विस्थापितको व्यवस्थापन तथा अत्यावश्यक सेवा प्रवाहमा समेत कठिनाइ भइरहेको छ ।

नगरप्रमुख राजन श्रेष्ठले प्रभावित नागरिकको दैनिकी सहज बनाउन र बाढीबाट क्षतिग्रस्त त्रिशूली बजारमा खोज तथा उद्धारलाई प्रभावकारी बनाउन पुल निर्माणका लागि चौतर्फी पहल भइरहेको बताए । उनले नेपाली सेनासँगको सहकार्यमा विभिन्न निकायको समन्वयमा मोटरेबल पुल निर्माण गर्न सकिएमा प्रभावित क्षेत्रको आवागमन सहज हुने जानकारी दिए । 'बाढीले बगाएका तथा पुरिएका संरचनाका कारण बगरमा परिणत भएको त्रिशूली बजारमा अपेक्षाअनुसार खोज तथा उद्धार गर्न सकिएको छैन,' नगरप्रमुख श्रेष्ठले भने, 'विपद्पश्चात् हाम्रो पहिलो चाहना पुल निर्माण हो । प्राविधिक अध्ययनमा नदीको बहाव र आकारका कारण पुल निर्माण गर्न कठिनाइ भइरहेको छ ।'

उनका अनुसार त्रिशूली नदी पार गर्न पुल नहुँदा प्रभावित बासिन्दा तुइनको भरमा आवतजावत गर्न बाध्य छन् । आवागमन सञ्चालन गराउन तुइन राखिए पनि त्यसबाट आवश्यकताअनुसार सेवा दिन नसकिने भएकाले स्थायी वा अस्थायी मोटरेबल पुल निर्माणको विकल्प खोज्नुपर्ने उनको भनाइ छ ।

## नदीको बहाव र भूगोलले पुल निर्माणमा चुनौती

बाढीपछि त्रिशूली नदीको बहाव क्षेत्र करिब ३० मिटर उचाइमा पुगेको र नदीले दायाँबायाँ करिब १५० मिटर क्षेत्र ओगटेर बगिरहेको प्राविधिक अध्ययनले देखाएको छ । नदीको फराकिलो बहाव, उचाइ तथा ग्रेगर-लेदोसहितको थलथले हिलोका कारण तत्काल बेलिब्रिजलगायतका अस्थायी मोटरेबल पुल राख्न कठिनाइ रहेको सडक डिभिजन नुवाकोटको अध्ययनमा उल्लेख छ ।

सडक डिभिजन नुवाकोटका प्रमुख बद्री शर्माले विदुर-१ स्थित ढुंगे र त्रिशूली बजार जोड्नेगरी तत्काल पुल राख्न सकिने अवस्था नरहेको जानकारी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बिहीबार बसेको बैठकमा गराएका थिए ।

बाढीपछि नदीले लिएको आकार, बहावको उचाइ तथा नदीमा थुप्रिएको ग्रेगर र लेदोका कारण पुल निर्माणका लागि आवश्यक प्राविधिक तथा भौगोलिक अवस्था चुनौतीपूर्ण रहेको उनले बताएका हुन् ।

## असम्भव देखिए पनि विकल्प खोज्नुपर्ने सुझाव

जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख रजिन्द्रविक्रमसिंह ठकुरीले जतिसक्दो चाँडो पुल निर्माण गरी त्रिशूली बजारमा पुगेको क्षतिको खोज तथा उद्धार, प्रभावितको व्यवस्थापन, विद्यालय सञ्चालन तथा त्रिशूली अस्पतालसँगको सम्पर्क पुनःस्थापना गर्नुपर्ने बताए ।

'पुल निर्माणका लागि असम्भव देखिएका विषयमा पनि विकल्प खोजेर अगाडि बढ्नुपर्छ,' उनले भने, 'त्रिशूली बजारमा भएको क्षतिको खोज तथा उद्धार, प्रभावितको व्यवस्थापन, विद्यालय सञ्चालन र अस्पतालसँगको सम्पर्क जोड्न ढिलाइ गर्नुहुँदैन ।' जिसस प्रमुख ठकुरीले विपद्पछि प्रभावित नागरिकको जीवन सहज बनाउन आवश्यक पूर्वाधार निर्माणमा सबै निकायबीच समन्वय आवश्यक रहेको बताए ।

## ८५ जना हराइरहेको तथ्यांक

भोटेकोशी बाढीका कारण विदुर नगरपालिका-१ स्थित ढुंगे र त्रिशूली बजारबाट ८५ जना हराइरहेको वडा कार्यालयको तथ्यांक छ । बाढीबाट प्रभावित दुई बस्ती जोड्न तथा नदीपारिको भूगोलसँग सम्पर्क स्थापित गर्न पुल निर्माण अत्यावश्यक देखिएको छ ।

ढुंगे-त्रिशूली पुल निर्माण भएमा विदुरबाट त्रिशूली नदी पारि तारकेश्वर, म्यागङ, किस्पाङ हुँदै रसुवाको उत्तरगया गाउँपालिकाको ठूलोगाउँ र डाँडागाउँसम्म आवागमन सहज हुने छ । पुल अभावले बाढीप्रभावितको खोज तथा उद्धार र राहत सामग्रीको समानुपातिक वितरणमामात्र नभई आमनागरिकको दैनिक जनजीवनमासमेत प्रत्यक्ष असर पारेको छ । विदुरतर्फका बासिन्दालाई नदी पारि रहेका अस्पताल तथा नेपाल विद्युत् प्राधिकरणका सेवा लिन कठिनाइ भइरहेको छ भने नदी पारिका बासिन्दालाई सडक तथा पुलको अभावमा सदरमुकाम हुँदै जिल्ला बाहिरसँगको सम्पर्क टुटिरहेको छ । बाढीपछि त्रिशूली नदीको दुवैतर्फका बासिन्दाले भोग्दै आएको आवागमन समस्या समाधान गर्न ढुंगे-त्रिशूली पुल निर्माणको अन्योलता चाँडै हट्ने र आवश्यक पहलले गति लिने आशा स्थानीयवासीले गरेका छन् । *रासस*

# काभ्रेका ३२ जनामा डेंगु संक्रमण पुष्टि

**बनेपा (काभ्रेपलाञ्चोक)–** जिल्लामा डेंगु संक्रमितको संख्या ३२ पुगेको छ । जिल्लास्थित जनस्वास्थ्य कार्यालयले सार्वजनिक गरेको अद्यावधिक विवरणअनुसार गत साउन १ गतेदेखि असोज १ गतेसम्म जिल्लामा ३२ जनामा संक्रमण पुष्टि भएको हो ।

जनस्वास्थ्य अधिकृत शिशिर पुडासैनीका अनुसार सबैभन्दा बढी बनेपा नगरपालिकामा १३ र पाँचखाल नगरपालिकामा १३ जनामा संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा तीन जना संक्रमित फेला परेका उनले बताए । पाँचखालमा एक, नमोबुद्ध नगरपालिकामा एक र मण्डनदेउपुर नगरपालिकामा एक जनामा संक्रमण पुष्टि भएको उनले जानकारी दिए ।

धुलिखेल र पनौती नगरपालिका तथा भुम्लु, रोशी, तेमाल, खानीखोला, बेथानचोक, महाभारत र चौँरीदेउराली गाउँपालिकामा हालसम्म डेंगु संक्रमित नरहेका जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी दीपेन्द्रकाजी श्रेष्ठले जानकारी दिए ।

अघिल्लो आर्थिक वर्षमा काभ्रेमा ५९ जनामा संक्रमण पुष्टि भएको थियो । मनसुनको समयमा लामखुट्टेको प्रजननका लागि अनुकूल वातावरण बन्ने भएकाले यस वर्ष संक्रमण थप फैलिन नदिन सचेतना र सरसफाइमा सचेतना फैलाइएको सूचना अधिकारी श्रेष्ठले बताए ।

डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिन, घर, आँगन तथा वरपर पानी जम्न नदिन र लामो बाहुला भएका कपडा लगाउन जनस्वास्थ्य कार्यालयले आग्रह गरेको छ । ज्वरो आउने, टाउको दुख्ने, शरीर दुख्नेलगायत लक्षण देखिएमा स्वास्थ्य संस्थामा गई परीक्षण तथा उपचार गराउन कार्यालयले अनुरोध गरेको छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

# बढ्दो तापक्रमसँगै...

यसले उच्च हिमाली क्षेत्रमा जमिन तथा चट्टानभित्र रहेको स्थायी बरफ र पर्माफ्रोस्ट लामो समयसम्म पग्लिने अवस्था सिर्जना गरेको छ । पर्माफ्रोस्टमा रहेको बरफले चट्टानका चिरालाई जोडेर पहाडी भित्तालाई स्थिर राख्न भूमिका खेल्ने भएकाले यसको पग्लाइले चट्टान कमजोर बनाउने वैज्ञानिकहरूको भनाइ छ ।

उट्रेक्त विश्वविद्यालयका पर्वतीय जलविज्ञ प्राध्यापक वाल्टर इम्मरजिलले जलवायु परिवर्तनका कारण उच्च हिमालयको वातावरणमा आधारभूत र दीर्घकालीन परिवर्तन भइरहेको बताएका छन् । 'पर्माफ्रोस्ट क्षय, हिमनदी पछाडि हट्नु र गर्मीको अत्यधिक वृद्धि एकसाथ हुँदा हिमाली चट्टानको संरचनात्मक स्थायित्व कमजोर बन्न सक्छ,' उनले भने ।

## हिमनदी पातलिँदा प्राकृतिक सहारा घट्यो

वैज्ञानिकहरूले तापक्रम वृद्धिका कारण हिमनदी उल्लेख्यरूपमा पातलिँदै र पछाडि हट्दै गएको बताएका छन् । हिमनदीको क्षयले घटनास्थल वरपरको चट्टानलाई प्राप्त हुँदै आएको प्राकृतिक सहारा कम गर्नुका साथै थप पग्लिएको पानी उपलब्ध गराएको हुनसक्ने अध्ययनमा उल्लेख छ । त्यस्तै चट्टानका चिरामा रहेको बरफ पग्लिँदा चट्टानको 'बन्धन' कमजोर हुने र पग्लिएको पानी चिराभित्र प्रवेश गर्दा पानीको दबाब बढ्ने भएकाले पहाडको स्थायित्वमा थप असर पर्नसक्ने वैज्ञानिकको विश्लेषण छ ।

## वि.सं. २०७२ को भूकम्पले पनि पूर्वस्थितिलाई कमजोर बनाएको हुनसक्ने

वि.सं. २०७२ को भूकम्पले हिमाल र त्यस वरपरको घटनास्थल आसपासको चट्टानी संरचनालाई कमजोर बनाएको हुनसक्ने अध्ययनले जनाएको छ । वैज्ञानिकहरूले उक्त भूकम्पको यही घटनामा प्रत्यक्ष योगदान कति थियो भन्ने अझै पुष्टि हुन नसकेको स्पष्ट पारेका छन् । तर भूकम्पले पहिले नै कमजोर बनाएको चट्टानी संरचनामा दीर्घकालीन तापक्रम वृद्धि, हिमनदीको क्षय र पर्माफ्रोस्ट पग्लिने क्रमले थप अस्थिरता ल्याएको हुनसक्ने विज्ञहरूको भनाइ छ ।

## घटनाअघि अत्यधिक गर्मी

चट्टान-हिमपहिरो हुनुभन्दा ठीक अघि जुलाई र अगस्ट सन् २०२६ स्थानीयस्तरमा अहिलेसम्मकै सबैभन्दा तातो महिनाका रूपमा देखिएको अध्ययनले जनाएको छ । त्यसअघि सन् २०२५ को अक्टोबर र नोभेम्बरमा भएको उल्लेख्य हिमपातले पहाडमा ठूलो मात्रामा हिम सञ्चय गरेको र त्यसपछिको असामान्य तापक्रमका कारण तीव्र हिमपग्लाइबाट घटनाअघि थप पानी उपलब्ध भएको हुनसक्ने वैज्ञानिकहरूको धारणा छ ।

अध्ययनमा गरिएको जलवायु एट्रिब्युसन विश्लेषणअनुसार घटनास्थल क्षेत्रमा जुलाई र अगस्टको तापक्रम औद्योगिक युगअघिको तुलनामा मानव सिर्जित जलवायु परिवर्तनका कारण करिब १.५ डिग्री सेल्सियस बढेको छ । वार्षिकरूपमा भने तापक्रम वृद्धि करिब दुई डिग्री सेल्सियस रहेको वैज्ञानिकले बताएका छन् ।

## "यो मौसमी घटना मात्र होइन"

इम्पेरियल कलेज लण्डनका चरम मौसम तथा जलवायु परिवर्तनसम्बन्धी अनुसन्धानकर्ता डा. बेन क्लार्कले यो घटना कुनै एउटा चरम मौसमी घटनाका कारण नभएको बताएका छन् । उनका अनुसार दीर्घकालीन परिवर्तनमा जलवायु परिवर्तनको स्पष्ट प्रभाव देखिन्छन् । उच्च हिमाली वातावरणमा भइरहेको परिवर्तनले उक्त विपद्का सम्भावित कारणलाई प्रभावित गरेको छ ।

'जलवायु परिवर्तनले उच्च हिमाली वातावरणलाई परिवर्तन गरिरहेको छ र यसले यो विपद्का सम्भावित धेरै कारकलाई प्रभावित गरिरहेको छ,' उनले भनेका छन् ।

रेडक्रस रेडक्रिसेन्ट क्लाइमेट सेन्टरका वरिष्ठ प्राविधिक सल्लाहकार तथा एसिया-प्रशान्त क्षेत्रीय फोकल प्वाइन्ट माधव उप्रेतीले भोटेकोशी विपद्ले नेपाल जलवायु अनुकूलनको सीमामा पुगिसकेको देखाएको बताएका छन् । 'भविष्यका विपद् मानवीय त्रासदीमा परिणत हुन नदिन विश्वव्यापी उत्सर्जन कटौतीसँगै जोखिममा रहेका समुदायले व्यहोर्नुपरेको हानि तथा नोक्सानी सम्बोधन गर्न अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ,' उनले भने, 'एक हजार ३०० भन्दा बढी मानिसको मृत्यु र हजारौं बेपत्ता हुनु जलवायु अनुकूलनको सीमामा पुगिसकेको अवस्थाको दुःखद् स्मरण हो ।'

## 'भोटेकोशी विपद्: तीव्र गतिमा तातिरहेको हिमालयको चेतावनी'

क्लाइमेट एनालिटिक्स साउथ एसियाका निर्देशक तथा जलवायुविद् मञ्जित ढकालले भोटेकोशी विपद्लाई तीव्र गतिमा तातिरहेको हिमालयमा बढ्दै गएको जोखिमको गम्भीर चेतावनीका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार तापक्रम वृद्धिले हिउँ, हिमनदी, पर्माफ्रोस्ट तथा समग्र हिमाली वातावरणमा परिवर्तन ल्याएकोमात्र नभई झन जटिल प्रकारका प्रकोप तथा एकपछि अर्को असर पार्ने विपद् सिर्जना गरिरहेको छ ।

'तापक्रममा हुने हरेक सानो वृद्धिले पनि जोखिम थप्छ,' ढकालले भने, 'विज्ञानले देखाएको तथ्यलाई अवलम्बन गर्दै तत्काल विश्वव्यापी कार्बोन उत्सर्जन अझ तीव्ररूपमा घटाउन, पर्वतीय क्षेत्रका जटिलता र जोखिम बुझ्न अनुसन्धानमा लगानी बढाउन, हिमाली क्षेत्रमा अनुगमन र पूर्वसूचना प्रणाली बलियो बनाउन तथा जलवायु जोखिमलाई ध्यानमा राखी विकासका परियोजना अघि बढाउन आवश्यक रहेको छ । नेपालजस्ता जलवायु संकटको अग्रपंक्तिमा रहेका देशलाई आवश्यक परेकै बेला अन्तर्राष्ट्रिय जलवायु वित्त उपलब्ध गराउन मार्गदर्शन गर्नुपर्छ ।'

## अनुकूलनसँगै उत्सर्जन कटौतीमा जोड

न्युक्यासल विश्वविद्यालयकी हिमनदी विज्ञानकी प्राध्यापक बेथान डेभिसले जीवाश्म इन्धनको प्रयोगबाट भइरहेको तापक्रम वृद्धिले हिमालयको हिउँ र बरफ पगाल्नुका साथै हिमनदीको क्षेत्रफल घटाइरहेको र पर्माफ्रोस्ट पगालिरहेको बताएका छन् ।

हिमाली भिरालो संरचनालाई अस्थिर बनाउँदै यस्ता विपद्को जोखिम बढाउने भएकाले उत्सर्जन कटौतीका लागि तत्काल कदम चाल्नुपर्ने उनको भनाइ छ । इम्पेरियल कलेज लण्डनकी जलवायु विज्ञानकी प्राध्यापक फ्रिडेरिके ओट्टोले जलवायु न्यायको प्रश्नसमेत गम्भीर बनेको बताएकी छन् । जीवाश्म इन्धनको उत्सर्जनबाट उत्पन्न विश्वव्यापी संकटको मूल्य नेपालका समुदायले ज्यान गुमाएर चुकाउनुपरेको उनको भनाइ छ ।

वैज्ञानिकहरूले हिमनदी तथा उच्च हिमाली पर्माफ्रोस्ट तापक्रम वृद्धिप्रति दशकौंसम्म प्रतिक्रिया जनाउने भएकाले विगतमा भइसकेको तापक्रम वृद्धिले भविष्यमा समेत पहाडी संरचनालाई अस्थिर बनाउने प्रक्रिया अघि बढाइसकेको चेतावनी दिएका छन् । भविष्यमा यस्ता घटना रोक्न उच्च हिमालयको निरन्तर वैज्ञानिक निगरानी, हिमनदी तथा पर्माफ्रोस्टको अध्ययन, पूर्वसूचना प्रणालीको सुदृढीकरण र सीमापार तथ्यांक आदानप्रदानसँगै जीवाश्म इन्धनको प्रयोग घटाउने विश्वव्यापी प्रयासलाई तीव्र बनाउनुपर्ने अध्ययनको निष्कर्ष छ । *रासस*

# विद्यालयको पहुँचमै...

## विद्यालयबाहिरै छन् २७ हजार

प्रदेशमा विद्यालयमै नपुगेका बालबालिकाको संख्या पनि ठूलो छ । वि.सं. २०८२ को तथ्यांकअनुसार पाँचदेखि १२ वर्ष उमेर समूहका २६ हजार ९८५ बालबालिका विद्यालय बाहिर छन् । जिल्लागतरूपमा सबैभन्दा बढी कैलालीमा नौ हजार नौ बालबालिका विद्यालय बाहिर छन् । यस्तै कञ्चनपुरमा चार हजार ९१०, अछाममा दुई हजार ४८२, डोटीमा दुई हजार २०९, बैतडीमा दुई हजार २०० र बझाङमा दुई हजार १३८ जना छन् । बाजुरामा एक हजार ५४५, दार्चुलामा एक हजार २७२ र डडेलधुरामा एक हजार २२० जना विद्यालय बाहिर छन् ।

कैलाली र कञ्चनपुरमामात्रै विद्यालय बाहिर रहेका बालबालिकाको संख्या १३ हजार ९१९ छ, जुन प्रदेशको कूल संख्याको आधाभन्दा बढी हो । यसले विद्यालय बाहिर रहेका बालबालिकाको समस्या दुर्गम पहाडी जिल्लामामात्र सीमित नरहेको देखाउँछ । जिल्ला शिक्षा विकास तथा समन्वय एकाई कैलालीका प्रमुख जीवन न्यौपाने कैलाली-कञ्चनपुरमा जनसंख्याको चाप बढी भएकाले विद्यालय बाहिर रहेका बालबालिकाको संख्या पनि बढी देखिएको बताउँछन् । तर आर्थिक अवस्था, रोजगारी, शिक्षाप्रतिको लगाव र चेतनालगायत बहुआयामिक कारणले शिक्षा क्षेत्रमा समस्या रहेको उनको भनाइ छ ।

'यहाँ जनसंख्याको चाप पनि बढी छ । त्यससँग बहुआयामिक समस्या पनि जोडिएका छन् । आर्थिक अवस्था, रोजगारी, शिक्षाप्रतिको लगाव, चेतनालगायत कारणले शिक्षा क्षेत्रमा विविध समस्या छन् । ठूलो संख्यामा बालबालिका विद्यालय बाहिर रहनु गम्भीर समस्या हो । यसका कारण र समाधानका लागि सबै गम्भीर बन्नुपर्ने आवश्यकता छ,' उनले भने ।

जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ कञ्चनपुरका प्रमुख दीपकराज कलौनीले स्थानीय तहसँग मिलेर विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्न प्रयास भइरहेको बताए । उनले संविधानले तीनै तहका अधिकारबारे प्रस्ट व्यवस्था गरेकाले सोही अधिकार समन्वय एकाइ र जिल्लामा रहेका स्थानीय तहले कार्ययोजना बनाएर काम गरे पनि अभिभावकलाई थप जिम्मेवार बनाउने गरी क्रियाशील हुनेपर्ने आवश्यकता बोध गरिएको बताए ।

## तराईका १० पालिकामा बढी समस्या

धेरै बालबालिका विद्यालयबाहिर रहेका स्थानीय तह पनि कैलाली र कञ्चनपुरमै छन् । प्रदेशको एकमात्र उपमहानगरपालिका धनगढीमा पाँचदेखि १२ वर्ष उमेर समूहका एक हजार ८२५ बालबालिका अझै विद्यालयको पहुँचमा आउन सकेका छैनन् । त्यसपछि गोदावरी नगरपालिकामा एक हजार ४२२, लम्कीचुहा नगरपालिकामा एक हजार २२९, भीमदत्त नगरपालिकामा एक हजार २२७, कृष्णपुरमा ९१३, टीकापुरमा ८८३, घोडाघोडीमा ८४०, गौरीगंगामा ६९१, पुनर्वासमा ६०८ र बेदकोटमा ५२३ जना बालबालिका विद्यालयबाहिर रहेका छन् ।

सामाजिक विकास मन्त्रालयका निर्देशक महरा जनसंख्या बढी भएकाले यी स्थानीय तहमा संख्या बढी देखिनसक्ने भए पनि सुगम मानिएका कैलाली-कञ्चनपुरमै विद्यालय बाहिर धेरै बालबालिका रहेको देखिनु थप अध्ययनको विषय भएको बताउँछन् ।

'आधारभूत तहको शिक्षासम्बन्धी अधिकार स्थानीय तहको प्रत्यक्ष सरोकार भएकाले स्थानीय सरकार यसमा गम्भीर बन्नुपर्ने आवश्यकता छ । त्यसमा प्रदेश तथा संघीय सरकारले पनि थप गम्भीरताका साथ सहयोग गर्नुपर्ने देखिन्छ,' उनले भने । गोदावरी नगरपालिकाका शिक्षा शाखा प्रमुख वरिष्ठ शिक्षा निर्देशक हरिश पन्त पालिकामा रहेका शिक्षासम्बन्धी समस्या समाधानका लागि रणनीति निर्माणको काम भइरहेको बताउँछन् । वडा तहबाट वास्तविक समस्या पहिचान गर्ने र त्यसका आधारमा थप क्रियाकलाप अघि बढाउने काम भइरहेको उनले बताए ।

## अबको बाटो: पहुँच वृद्धि र निरन्तर सिकाइ

प्रदेश शिक्षा निर्देशनालयका महानिर्देशक विष्ट करिब २७ हजार बालबालिका विद्यालयको पहुँचमा नरहनु तीनै तहका सरकार तथा शिक्षा क्षेत्रका सरोकारवालाका लागि चिन्ताको विषय भएको बताउँछन् । विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनुका साथै विद्यालयमा रहेका विद्यार्थीलाई माथिल्लो तहसम्म टिकाउने काम पनि उत्तिकै महत्त्वपूर्ण भएकाले सबैले मिलेर काम गर्नुपर्नेमा उनको जोड छ ।

सामाजिक विकास मन्त्रालयका निर्देशक महराले शिक्षा क्षेत्रमा रहेका समस्या समाधानका लागि प्रदेश सरकारले विभिन्न कोणबाट पहल गरिरहेको बताएका छन् । उनले अभिभावकविहीन, अपांगता भएका, समस्यामा परेका तथा सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गरी छात्रवृत्ति, आवासीय विद्यालय र विशेष विद्यालयजस्ता कार्यक्रम सञ्चालन गर्न थालिएको बताए ।

'हाम्रो ध्येय हाल देखिएका सबै समस्याका कारण, परिणाम र समाधानका लागि सरोकार भएका सबैले मिलेर काम गर्नुपर्ने आवश्यकता छ । प्रदेश सरकार एक्लैले सबै समस्याको समाधान गर्नसक्दैन, संविधानप्रदत्त शिक्षाको हक कार्यान्वयनका लागि स्रोतसाधनले भ्याएसम्म हामीले काम गरिरहेका छौं,' निर्देशक महराले भने ।

यहाँ शिक्षामा बहुआयामिक समस्या छन् । एउटा समूह विद्यालयको पहुँचमै पुगेको छैन । विद्यालय पुगेको अर्को समूह प्रारम्भिक कक्षाबाट हराइरहेको छ । अर्को समूह कक्षा दोहोर्‍याइरहेको छ । आधारभूत तह पार गरेको ठूलो समूह माध्यमिक तहको माथिल्लो कक्षासम्म पुग्न सकेको छैन । यी सबै पक्षलाई हेरेर तीनै तहका सरकार र विकास साझेदारहरूले पनि आफ्नो रणनीति बनाउनुपर्ने देखिएको छ ।

त्यसका लागि संविधान र प्रचलित कानुनले सुनिश्चित गरेको शिक्षाको हक कार्यान्वयनका लागि तीनै तहका सरकारबीच जिम्मेवारी र समन्वयको निरन्तर समीक्षा आवश्यक छ । विद्यालय बाहिर रहेका बालबालिकाको पहिचानदेखि विद्यालयमा टिकाइ, सिकाइको गुणस्तर र माध्यमिक तहसम्मको निरन्तरतासम्म स्थानीय, प्रदेश र संघीय सरकारका कार्यक्रमबीच समन्वय आवश्यक छ । नागरिकको शिक्षा पाउने हक बृहत् मानव अधिकारको विषयसमेत भएकाले यसको प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय मानवअधिकार आयोग, संसद्का विषयगत समिति नियमन र अनुगमनकारी भूमिका पनि महत्त्वपूर्ण हुने जानकारहरू बताउँछन् । यी निकायले आफ्ना संयन्त्रमार्फत राज्यका निकायलाई थप जिम्मेवार बनाउने र अभिभावकको कर्तव्य पालनाका लागि जागरुक बनाउन लाग्नुपर्ने जरुरी छ । *रासस*


**Kalikamai Rural Municipality**
**Office of Rural Municipal Executive**
**Hariharpur Birta, Parsa**
**Madhesh Province (NEPAL)**

**Notice of Invitation For Bid**

**First Date of Publication: 2083/06/03 (19th September 2026)**

1. **Kalikamai Rural Municipality, Parsa** Invites Bids From eligible bidders for the following work Under **National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.**

| S. N. | Contract Id No. | Project Name | Bid Validity Period/ Security period from the last date of submission | Bid Security Amount | Last date of Bid Document Purchase | Last date of Bid Submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1. | 2/KM/NCB/ WORK/ 2083/84 | कालिकामाई गा.पा. मा नहर रोड तथा सहायक रोड ढलान र नाला निर्माण | 90/120 days | 4,25,000.00 | 12th October, 2026 (2083/06/26) 5:00 | 13th October, 2026 (2083/06/27) 12:00 | 13th October, 2026 (2083/06/27) 14:00 |
| 2. | 3/KM/NCB/ WORK/ 2083/84 | कालिकामाई गा.पा. मा गंगोल नदी नियंत्रण कार्य | 90/120 days | 1,25,000.00 | 12th October, 2026 (2083/06/26) 5:00 | 13th October, 2026 (2083/06/27) 12:00 | 13th October, 2026 (2083/06/27) 14:00 |

Further Information's to bidder:

| | |
|---|---|
| **Account No. for Bid Security Deposit:** | Name of Bank :- Global Ime Bank, Biranchi Barwa, Parsa<br>Name of Office :- Aasthaniya taha Dharauti khata<br>Office Account no : 36404010000003 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the **Kalikamai Rural Municipality Office, Parsa.**
3. Bidders have to Submit their bid physically by purchasing bid documents from **Kalikamai Rural Municipality Office, Hariharpur birta, Parsa.**
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४



आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०३१०० | प्रति तोला – ० | प्रति तोला – ४७७५ |



**पोखरा फेवातालैमा...** | पोखरा महानगरपालिका -६ गौरीघाटस्थित फेवाताल किनारमा डोरीले बाधेर राखिएका डुंगाहरू । आन्तरिक एवं बाह्य पर्यटकहरूका कारण पोखराको फेवाताल ज्यादै लोकप्रिय छ ।
*तस्बिर : राधिका कँडेल/रासस*

# न्यु दमौली ४०० केभी सवस्टेशन निर्माण तीव्र

■ **प्रभाव संवाददाता**

**दमौली (तनहुँ)** – मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसिए) नेपालअन्तर्गत तनहुँमा निर्माण भइरहेको न्यू दमौली ४०० केभी क्षमताको सवस्टेशनको भौतिक प्रगति ३६ प्रतिशत पुगेको छ । एमसिए नेपाल तनहुँका सम्पर्क अधिकृत हुमनाथ ढकालका अनुसार आयोजनाको वित्तीय प्रगति भने १२ प्रतिशत रहेको छ ।

सवस्टेशन निर्माणको जिम्मेवारी भारतको टेक्नो इलेक्ट्रिक एण्ड इन्जिनियरिङ कम्पनी लिमिटेडले पाएको छ । आयोजनाका लागि तीन करोड ८८ लाख ८३ हजार छ सय ४३ अमेरिकी डलरमा सम्झौता भएको हो । सम्झौता सन् २०२४ जुलाई ३१ मा भएको थियो भने सन् २०२७ नोभेम्बर २२ सम्ममा सम्पन्न गर्ने गरी निर्माण सन् २०२४ अगस्ट १८ देखि सुरु गरिएको थियो । निर्माण सम्पन्न भएपछि न्यु दमौली सवस्टेशनले विद्युत् प्रसारण प्रणालीको क्षमता विस्तार तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

> एमसिए नेपालले सवस्टेशन निर्माणसँगै साझेदारी क्रियाकलापअन्तर्गत तनहुँका पाँच स्थानीय तहमा विद्युत् वितरण प्रणाली सुधारको कामसमेत अघि बढाएको छ ।

एमसिए नेपालले सवस्टेशन निर्माणसँगै साझेदारी क्रियाकलापअन्तर्गत तनहुँका पाँच स्थानीय तहमा विद्युत् वितरण प्रणाली सुधारको कामसमेत अघि बढाएको छ । यसअन्तर्गत पुराना तथा कमजोर विद्युत् पोल प्रतिस्थापन, एबी केबल तथा एसीएसआर केबल जडान र ट्रान्सफर्मर थप गर्ने काम भइरहेको छ ।

व्यास नगरपालिका-१, १२, १३ र १४ मा ४०७ वटा विद्युत् पोल फेर्ने, ४१ दशमलव २२ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण तथा सात दशमलव ८२ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ । त्यस्तै आँबुखैरेनी गाउँपालिका-३, ४ र ५ मा ३७४ वटा पोल प्रतिस्थापन, २४ दशमलव ६६ किलोमिटर एबी केबल जडान, सातवटा ट्रान्सफर्मर निर्माण तथा १८ दशमलव ८५ किलोमिटर एसीएसआर केबल परिवर्तन गर्ने योजना छ ।

बन्दीपुर गाउँपालिका-२, ३ र ६ मा २८४ वटा पोल फेर्ने, २१ दशमलव शून्य पाँच किलोमिटर एबी केबल जडान, पाँच वटा ट्रान्सफर्मर निर्माण तथा १५ दशमलव ५५ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ । घिरिङ गाउँपालिका-१, २, ३ र ५ मा ७८ वटा विद्युत् पोल प्रतिस्थापन, ५७ दशमलव ६८ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण तथा चार दशमलव छ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ ।

यसैगरी ऋषिङ गाउँपालिका-१, ६, ७ र ८ मा ९२ वटा पोल फेर्ने, ४२ दशमलव ६५ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण तथा चार दशमलव ६२ किलोमिटर एसीएसआर केबल परिवर्तन गर्ने कार्यक्रम छ ।

एमसिए साझेदारी क्रियाकलापअन्तर्गत सञ्चालन हुने यी कामले ग्रामीण तथा सहरी क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई थप सुरक्षित र भरपर्दो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको ढकालको भनाइ छ । पुराना पोल तथा तार विस्थापन गरी एबी केबल जडान गरिने भएकाले विद्युत् चुहावट तथा प्राविधिक समस्या न्यूनीकरण हुनका साथै उपभोक्ताले गुणस्तरीय विद्युत् सेवा पाउने अपेक्षा गरिएको छ ।

# खानी अनुमति प्रक्रियामा रोकिएका फाइल पेस गर्न उद्योग समितिको निर्देशन

**काठमाडौं (प्रस)**– उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले खानी अनुमति प्रक्रियामा भएको ढिलाइ फाइलको वास्तविक संख्या, रोकिएको अवधि र अघि बढ्न नसक्नुको कारणसहितको तथ्यांक समितिमा पेस गर्न खानी तथा भूगर्भ विभागलाई निर्देशन दिएको छ ।

समितिको बैठकमा खानी तथा खनिज पदार्थ विधेयक, २०८३ माथि सैद्धान्तिक छलफलपछि समितिका सभापति अन्सारीले अन्वेषणपछि उत्खननमा जान नसकेका, उत्खननको अनुमति लिएर पनि उत्पादन गर्न नसकेका तथा खोजतलास र उत्खननका लागि आवेदन दिएका फाइलको अवस्थाबारे स्पष्ट विवरण उपलब्ध गराउन निर्देशन दिए ।

उनले खोजतलासका लागि अनुमतिपत्र प्राप्त गर्न ४५० र उत्खनन प्रक्रियाका १६६ को अवस्थाबारे जानकारी माग गर्दै समस्याका समाधानसमेत लिएर समितिमा उपस्थित हुन आग्रह गरे । विभागको सम्बन्धित महाशाखा तथा शाखामा कार्यरत अधिकारीको संख्या, प्रत्येक अधिकारीको जिम्मामा रहेका फाइल तथा अघि बढाइएका फाइलको तथ्याङ्कबारे चासो प्रकट गरे ।

सभापति अन्सारीले राज्यले लगानीकर्तालाई सहज वातावरण दिनुपर्ने बताउँदै अनुमति प्रक्रियामा अनावश्यक ढिलाइ हुँदा लगानी निरुत्साहित हुने बताए । 'विभागले कागज चिन्ने हो कि व्यक्ति ? व्यक्ति चिन्ने होइन, लगानीकर्ता को हो भन्ने होइन, लगानीकर्तालाई हतोत्साहित गर्ने काम हुनु हुँदैन', उनले भने । उनले अहिले देखिएका समस्यालाई सम्बोधन गर्दै विधेयकलाई परिणाममुखी ढंगले अघि बढाउनुपर्ने र छिट्टै उत्कृष्ट ऐन ल्याउने उद्देश्यका साथ छलफल गर्नुपर्नेमा जोड दिए ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले अनुमति तथा स्वीकृति प्रक्रियालाई अनलाइन प्रणालीमा आबद्ध गरी सम्बन्धित निकायलाई समयसीमा तोक्ने र तोकिएको समयमा स्वीकृति नभए स्वतः स्वीकृत हुने व्यवस्था गर्न सकिने विषयमा छलफल आवश्यक रहेको बताए । उनले स्वीकृति प्रक्रियामा हुने ढिलाइले परियोजनामा ठूलो आर्थिक क्षति हुने उल्लेख गर्दै त्यसमाथिको छलफललाई परिणाममा पुर्‍याउनुपर्ने बताए ।

खानी तथा भूगर्भ विभागका महानिर्देशक दिनेशकुमार नापितले समितिका सदस्यहरूको जिज्ञासामा ढुङ्गा, खोला तथा नदीजन्य गिट्टी खानी ऐनअन्तर्गत नपर्ने र त्यसको क्षेत्राधिकार विभागको नरहेको स्पष्ट पारे ।

# कृषि तथा पशुपन्छी बिमामा प्रिमियम अनुदान

■ **प्रभाव संवाददाता**

**काठमाडौं** – कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले विपद्‌बाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण तथा कृषकलाई राहत उपलब्ध गराउन संघ, प्रदेश र स्थानीय तहबाट आवश्यक व्यवस्था हुँदै आएको बताइन् ।

राष्ट्रियसभाको बैठकमा उनले सबै किसिमका विपद् व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भएको बताउँदै प्रदेश तथा स्थानीय तहमा समेत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको व्यवस्था रहेको जानकारी दिइन् ।

मन्त्री चौधरीका अनुसार प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयले कृषि क्षेत्रमा भएको क्षतिको व्यवस्थापनका लागि आवश्यक कार्यविधि निर्माण गरी बजेट व्यवस्थापन तथा राहत वितरण गर्दै आएका छन् ।

'संघीय कृषि, वन तथा पर्यावरणसम्बद्ध क्षेत्रमा हुने क्षतिको राहत व्यवस्थापनका सम्बन्धमा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार सम्बन्धित प्रदेशबाटै राहत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ', उनले भनिन्, 'ठूला विपद्‌का कारण प्रदेशमा स्रोतको अभाव भएमा संघीय मन्त्रालयबाट थप सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । कृषकले काबुबाहिरको परिस्थितिका कारण व्यहोर्नुपर्ने आगलागी, हुरीबतास, जंगली जनावर, बाढी, खडेरी तथा असिनालगायतका जोखिम न्यूनीकरण गर्न सरकारले बाली, पशुपन्छी तथा मत्स्य बिमाको व्यवस्था गरी प्रिमियममा अनुदान दिँदै आएको छ ।'

# पर्यटक लक्षित गर्दै एनसेल र नाटोबीच सम्झौता

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– एनसेलले नेपाल एसोसिएसन अफ ट्राभल अपरेटर्स (नाटो)सँग साझेदारीको घोषणा गरेको छ । यसको मुख्य उद्देश्य नेपाल भ्रमणमा आएका अन्तर्राष्ट्रिय पर्यटकहरूको दूरसञ्चार सेवामा पहुँच सहज र सरल बनाउनु रहेको छ ।

बिहीबार नेपाल पर्यटन बोर्डमा आयोजित एक कार्यक्रमबिच एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ता र नाटोका अध्यक्ष विश्वेश श्रेष्ठले यस सहकार्यका सम्बन्धमा एक समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । यो सहकार्यले विभिन्न देशबाट नेपाल भ्रमणमा आएका पर्यटकहरूलाई आफ्नो यात्राभर आ-आफ्नो देशमा रहेका परिवार सदस्य र साथीभाइलगायत सबैसँग सम्पर्कमा रहन सहज बनाउने लक्ष्य राखेको छ । नेपालका विभिन्न भागमा यात्रा गर्दा सञ्चारको महत्वपूर्ण आवश्यकतालाई यसले सम्बोधन गर्छ ।




साझेदारीअन्तर्गत एनसेलले पर्यटकहरूलाई भरपर्दो मोबाइल कनेक्टिभिटी उपलब्ध गराउनेछ भने नाटोले देशभर फैलिएको आफ्ना ट्राभल अपरेटरहरूको सञ्जालमार्फत पर्यटकहरूमाझ एनसेलका सेवा सुविधाका बारेमा जानकारी र सूचना उपलब्ध गराउने छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै दत्ताले भने, 'देशभर फैलिएको एनसेलको व्यापक नेटवर्क र पर्यटन क्षेत्रमा नाटोको विविधतायुक्त पहुँचलाई उपयोग गर्दै यो साझेदारीले नेपाल आउने पर्यटकहरूको यात्रा अनुभव अविश्मरणीय बनाउने विश्वास लिएका छौं । यति मात्र होइन, यो साझेदारीले 'नेपाल कलिङ' अभियानलाई प्रवर्द्धन गर्न र नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ ।'

'पर्यटनको मर्म भनेकै एक अर्कासँग जोडिनु हो । मानिसहरूलाई मानिसहरूसँग जोड्नु, संस्कृति अनि अनुभवहरूलाई जोड्नु हो । नेपाल आउने हरेक यात्रुलाई आफ्नो यात्राभर सबैसँग सम्पर्कमा रहिरहन मद्दत गर्ने एनसेलसँगको यो अर्थपूर्ण सहकार्यले हामी उत्साहित छौं,' नाटोका अध्यक्ष श्रेष्ठले भने ।

दूरसञ्चार सेवामात्र नभएर, एनसेलले आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) अन्तर्गत एनसेल फाउन्डेसनमार्फत नाटोलाई प्रमुख राजमार्गहरूमा आधुनिक वाश (सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता) पूर्वाधार स्थापना गर्न सहयोग गर्नेछ । यसको सुरुवात धादिङ जिल्लाको गजुरीबाट पाइलट परियोजनाका रूपमा हुनेछ । यस पहलले यी मार्गहरूमा यात्रा गर्ने पर्यटक र स्थानीय समुदायलगायत सबैको सुविधाको बढ्दो आवश्यकतालाई सम्बोधन गर्दछ र साथै दुवै संस्थाको नेपालमा दिगो तथा जिम्मेवार पर्यटन विकासप्रति साझा प्रतिबद्धता रहेको देखाउँछ ।

# संविधान दिवसमा टेलिकमको विशेष 'डाटा अफर'

■ **प्रभाव संवाददाता**

**काठमाडौं** – नेपाल टेलिकमले 'संविधान दिवस २०८३' को अवसरमा प्रिपेड तथा पोस्टपेड मोबाइल ग्राहकका लागि विशेष डाटा अफर ल्याएको छ । कम्पनीले संविधान दिवसको अवसरमा 'अनलिमिटेड लाइट' र 'अनलिमिटेड प्रो' गरी दुई प्रकारका डाटा प्याकेज उपलब्ध गराउने प्रेस विज्ञप्तिमार्फत जनाएको छ । कम्पनीका अनुसार रु ४९९ (करसहित) मा उपलब्ध 'अनलिमिटेड लाइट ४९९' प्याकेजअन्तर्गत ग्राहकले ३० दिनसम्म दैनिक पाँच जिबी डाटा प्रयोग गर्न सक्नेछन् । दैनिक पाँच जिबीको सीमा पूरा भएपछि पनि बाँकी समय दुई एमबीपीएसको गतिमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिनेछ ।

त्यसैगरी, बढी डाटा प्रयोग गर्ने ग्राहकका लागि रु ६९९ (करसहित) मा 'अनलिमिटेड प्रो ६९९' प्याकेज उपलब्ध गराइएको छ । यस प्याकेजमा ३० दिनसम्म दैनिक १० जिबी डाटा प्रयोग गर्न सकिनेछ । दैनिक १० जिबीको सीमा पूरा भएपछि बाँकी समय तीन एमबीपीएसको गतिमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिने नेपाल टेलिकमले जनाएको छ ।

पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि भने रेन्टल शुल्कसमेत प्याकेजमै समावेश गरिएको कम्पनीले जनाएको छ । नेपाल टेलिकमका अनुसार संविधान दिवस अफर असोज २ गतेदेखि असोज ४ गतेसम्म तीन दिन मात्र उपलब्ध हुने टेलिकमले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ